## सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन दोस्रो संशोधन -२०७७

प्रमाणीकरण मितिः२०७६/०३/१०
पहिलो संशोधन प्रमाणीकरण मितिः२०७६/११/११
दोस्रो संशोधन प्रमाणीकरण मितिः२०७७/१०/२०

**प्रस्तावना**

सूर्योदय नगरपालिका इलामको आधारभूत शिक्षा ऐन २०७६ लाई समयानुकुल परिमार्जन र संशोधन गर्दै गतिशिल बनाउन वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन दोस्रो संशोधन-२०७७ तर्जुमा गरी लागू गरिएको छ।

**१) संक्षिप्त नाम र प्रारम्भः** १. यस ऐनको नाम **"सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन दोस्रो संशोधन-२०७७"** रहेको छ।
२. यो ऐन सूर्योदय नगरपालिकाको नगर सभाबाट पारित भई राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ।

२) ऐनको दफा ५ को उत्तिर्ण भन्ने शब्द हटाइएको छ।

३) ऐनको दफा ११ को उपदफा ४ को आधारभूत तह उत्तिर्ण परिक्षाको सट्टा आधारभूत शिक्षा परिक्षा भन्ने शब्द राखिएको छ।

४) ऐनको दफा ११ को उपदफा ७ मा शिशु विकास शब्द हटाई बालविकाश केन्द्र भन्ने शव्द राखिएको छ।

५) ऐनको दफा १७ को प्रारम्भिक बाल विकास केन्द्र भन्ने शब्द हटाई सामुदायमा सञ्चालित बालविकास केन्द्र भन्ने शब्द राखिएको छ।

६) ऐन को दफा २२ (१)(ख) वडा समितिको सदस्यहरु मध्येवाट वडा समितिको बैठकले तोकेको एक जना सदस्य भनिएकोमा एक महिला सहित दुई जना सदस्य भन्ने शब्द थप गरिएको छ।

७) ऐनको दफा ३२ मा उल्लेखि भएको सुरक्षित क्षेत्र भन्ने शब्द हटाई शान्ति क्षेत्र भन्ने शब्द राखिएको छ।

८) ऐनको दफा ४७ मा आधारभूत तह उत्तिर्ण परिक्षा भन्ने शब्द हटाई आधारभूत शिक्षा (कक्षा ८) परिक्षा भन्ने शब्द राखिएको छ।

९) ऐनको दफा ४० मा उपदफा ६ थप गरी स्वयम् सेवक शिक्षक नगरपालिका करार शिक्षक बाल शिक्षक नियुक्ति गर्न सकिने छ।